प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. ३
हेटौंडा, मकवानपुर

## साझेदारीमा नमुना डेरी तथा दुग्ध प्रशोधन प्लान्ट स्थापना (क्याटवरी र चकलेट सहित) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६

**प्रस्तावनाः** पशुपालन व्यवसायलाई व्यवस्थित, व्यवसायीक र आधुनिकिरण बनाउँदै दूधको उत्पादन र उत्पादकत्व बृद्धि गर्नुका साथै तरल दूधलाई विविधिकरण गरी खपत बढाउन बजारिकरणमा टेवा पुऱ्याउने उद्देश्यले डेरी तथा दुग्ध प्रशोधन प्लान्ट स्थापनाको लागि कार्यक्रमलाई व्यवस्थित, सरल, सहज, प्रभावकारी र पारदर्शी रुपमा सञ्चालन गर्न प्रदेश सरकार, प्रदेश नम्बर तीन, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले **"साझेदारीमा नमुना डेरी तथा दुग्ध प्रशोधन प्लान्ट स्थापना (क्याटवरी र चकलेट सहित) कार्यविधि, २०७६"** बनाई लागू गरेको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"साझेदारीमा नमुना डेरी तथा दुग्ध प्रशोधन प्लान्ट स्थापना (क्याटवरी र चकलेट सहित) कार्यविधि, २०७६"** रहने छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-

(क) **"आवेदक"** भन्नाले डेरी तथा दुग्ध प्रशोधन प्लान्ट (क्याटवरी र चकलेट सहित) साझेदारीमा स्थापना गर्न ईच्छुक भई प्रस्तावित कार्ययोजना सहित आवेदन पेश गर्ने सहकारी वा निजी क्षेत्रलाई सम्झनु पर्छ ।

(ख) **"कार्यक्रम"** भन्नाले प्रदेश सरकारको नमुना डेरी तथा दुग्ध प्रशोधन प्लान्ट स्थापना (क्याटवरी र चकलेट सहित) सम्वन्धी स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम सम्झनु पर्छ ।

(ग) **"कार्यालय"** भन्नाले भेटेरेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनु पर्छ ।

(घ) **"निजी क्षेत्र"** भन्नाले व्यावसायीक रुपमा दूध तथा दुग्धजन्य पदार्थ उत्पादन गर्ने उद्देश्यले नियमानुसार सम्बन्धित निकायमा दर्ता भई प्रस्ताव पेश गर्ने कृषि सहकारी, कम्पनि र कृषि फर्मलाई सम्झनु पर्छ ।

(ङ) **"निर्देशनालय"** भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ ।

(च) **"परामर्शदाता"** भन्नाले कानून बमोजिम दर्ता भई साझेदारीमा डेरी तथा दुग्ध प्रशोधन प्लान्ट स्थापनाको प्रारम्भिक विस्तृत प्रतिवेदन तयार गर्न मन्त्रालयमा सूचीकृत भएको फर्महरुलाई सम्झनु पर्छ ।

(छ) **"प्रदेश"** भन्नाले प्रदेश नम्बर सम्झनु पर्छ ।

(ज) **"मन्त्रालय"** भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(झ) **"मूल्याङ्कन समिति"** भन्नाले दफा ४ बमोजिमको समिति सम्झनु पर्छ ।

(ञ) "साझेदार संस्था" भन्नाले निर्देशनालयबाट छनौट भई नमुना डेरी तथा दुग्ध प्रशोधन प्लान्ट स्थापनाको लागि द्विपक्षिय सम्झौता गर्ने सहकारी वा निजि क्षेत्र सम्झनु पर्छ।

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) विविधिकरण मार्फत चक्लेट, क्याडबरी, प्याक मिल्क लगायत उत्पादन गरी बजारीकरणमा टेवा पुऱ्याउने,

(ख) दुध तथा दूग्धजन्य पदार्थको उत्पादनलाई व्यवसायीक र प्रतिस्पर्धी बनाउने,

(ग) दुधको आन्तिरक खपतमा वृद्धि गरी निर्यात प्रवर्द्धन गर्ने ।

## परिच्छेद -२

## संस्थागत व्यवस्था

४. मूल्याङ्कन समितिः (१) प्राप्त प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतका लागि निर्देशनालयमा पेश गर्न तपसिल बमोजिमको मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| निर्देशक वा निजले तोकेको बरिष्ठतम् अधिकृत, निर्देशनालय | संयोजक |
| अधिकृत प्रतिनिधी, पशुपन्छी विकास महाशाखा, मन्त्रालय | सदस्य |
| कानून अधिकृत (संभव भएसम्म) | सदस्य |
| लेखा अधिकृत, आर्थिक प्रशासन शाखा, निर्देशनालय | सदस्य |
| प्रमुख, खरिद ईकाई, निर्देशनालय | सदस्य सचिव |

नोटः समितिले आवश्यक ठानेमा बढिमा २ जना विषय विज्ञलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(२) मूल्याङ्कनको आधारहरु विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report ) मा उल्लेख भए बमोजीमको हुनेछ ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) प्राविधिकवाट स्थलगत निरीक्षण गराउने,

(ख) सुचाङ्क तयार गरी प्राविधिक तथा आर्थिक प्रस्ताव मूल्याङ्कन गर्ने,

(ग) मूल्याङ्कन सम्वन्धि आवश्यक अन्य कार्य गर्ने/ गराउने ।

५. अनुगमन तथा मूल्याङ्कनः यस कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय र कार्यालयले आवश्यकता अनुसार गर्न सक्ने छन् । कार्यक्रम कार्यान्वयनको चरणमा परामर्शदातावाट पनि तेस्रो पक्ष अनुगमन मूल्याङ्कन गर्न सकिनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

प्रदेश सरकार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. ३ हेटौंडा, मकवानपुर, नेपाल

## परिच्छेद -३

## कार्यक्रम सञ्चालन प्रकृया

६. **कार्यक्रम सन्चालनः** (१) यो कार्यक्रम चितवन जिल्लामा सञ्चालन गरिनेछ । यस कार्यक्रमलाई थप क्षमता विस्तारका लागि आगामी बर्षमा पनि निरन्तरता दिईने छ ।

(२) आगामी आ.व.हरुमा आवश्यकता र औचित्यताको आधारमा यो कार्यक्रम अन्य जिल्लाहरुमा थप गर्दै लगिनेछ ।

७. **डि.पि.आर. मसौदा निर्माणः** साझेदारिमा नमूना डेरी तथा दुग्ध प्रशोधन प्लान्ट स्थापना कार्यक्रमको विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report (DPR)) निर्देशनालयवाट परामर्शदाता मार्फत तयार गरिनेछ ।

८. **डि.पि.आर. मसौदामा छलफलः** परामर्शदाताले तयार गरेको (Detailed Project Report (DPR)) लाई निर्देशनालयले विभिन्न सरोकारवाला तथा विज्ञहरुसँग छलफल गरी थपघट गर्न सकिनेछ ।

९. **टी.ओ.आर. तयार गर्नेः** DPR तयार गर्नको लागि परामर्श दाताको Terms of Reference (ToR) निर्देशनालयले तयार गर्नेछ । यसरी DPR तयार गर्दा प्रदेश सरकारको अनुदानबाट स्थापना हुने डेरी तथा दुग्ध प्रशोधन प्लान्टबाट कृषकहरुले पाउने थप सेवा र सुविधाहरुको बारेमा स्पष्ट उल्लेख गरिनेछ ।

१०. **प्रस्ताव आह्वानः** Final DPR तयार भएपछि निर्देशनालयले राष्ट्रिय दैनिक पत्रिकामा DPR मा व्यवस्था भए वमोजिम ३० दिने सूचना प्रकाशन गरी सहकारी वा निजी क्षेत्रहरुवाट प्रस्ताव आह्वान गर्नेछ। सूचना प्रकाशनको ढाचाँ स्वीकृत DPR मा उल्लेख भए बमोजिम हुनेछ ।

११. **प्रस्ताव दर्ताः** सहकारी वा निजी क्षेत्रहरुले प्रस्ताव पेश गर्दा Final DPR मा माग गरिएको विवरणलाई मध्यनजर राख्दै प्राविधिक दृष्टिकोणले उपयुक्तताका आधारमा औचित्यपूर्ण प्रस्ताव पेश गर्नु पर्नेछ ।

१२. **आवेदकको छनौटः** (१) मूल्याङ्कन समितिले स्थलगत निरीक्षण तथा निश्चित सूचकहरुको आधारमा प्रस्तावहरुको मुल्याङ्कन गरी छनौटका लागि सिफारीस गरिनेछ ।

(२) प्रस्ताव आह्वानको म्याद सकिएको मितिले बढिमा ३५ दिन भित्र प्रस्तावहरु स्वीकृत हुनु पर्नेछ ।

(३) आवेदक संस्थाको प्रस्ताव छनौट बारे उजुरी गर्न ७ दिनको समय तोकिने छ ।

१३. **सम्झौताः** (१) छनौट भएका आवेदकलाई सम्झौता गर्न आउन १५ दिनको समयावधि दिई निर्देशनालयले जानकारी गराउनु पर्नेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री

(२) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न आउने आवेदकसँग निर्देशनालयले प्रचलित कानून तथा स्वीकृत DPR मा व्यवस्था भए अनुसार सम्झौता गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको समयभित्र सम्झौता गर्न नआएमा निकटतम वैकल्पिकसँग सम्झौता गर्न सकिने छ ।

## परिच्छेद -४
## कार्यक्रम सञ्चालनको आर्थिक पक्ष

१४. DPR मा उल्लेख भए अनुसार साझेदारीमा नमुना डेरी तथा दुग्ध प्रशोधन प्लान्ट स्थापना लागि आवश्यक पर्ने न्युनतम क्रियाकलापहरू समेटिने गरी सम्झौतामा उल्लेख गरिने छ । सोही बमोजिम बढिमा पचास प्रतिशत अनुदान रकम उपलब्ध गराईने छ ।

१५. साझेदार संस्थाले सम्झौता अनुसारका कार्य सम्पन्न गरी विल/ विजक, दाखिला रिपोर्ट, नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको कार्य सम्पन्न प्रतिवेदन र रनिङ्ग विल तथा अन्य आवश्यक कागजातहरु सहित भुक्तानीका लागि अनुरोध गरे पश्चात यस निर्देशनालयले स्थलगत निरिक्षण गरी मनासिब देखेमा सम्पन्न भएको कामको १ प्रतिशत बराबर रकम कन्टिन्जेन्सी कट्टा गरि भुक्तानी दिनेछ ।

१६. साझेदार संस्थाले ब्यहोर्नु पर्ने रकम अन्य कुनै संघ/ संस्था/ स्थानीय तह/ निकायबाट आम्शिक वा पुरै ब्यवस्था गर्न सक्नेछ ।

१७. सम्झौता बमोजिम कार्य नगरेमा, अनुदान रकम दुरुपयोग गरेमा प्रचलित ऐन/ नियम बमोजिम सरकारी बाँकी/ बक्यौता सरह असुल उपर गरिने छ ।

## परिच्छेद -५
## मापदण्ड

१८. <u>साझेदार संस्थाले पालना गर्नुपर्ने विषयहरु</u> (१) साझेदार संस्थाले यस कार्यविधि अनुसार कार्यक्रम सञ्चालन गर्न देहाय बमोजिमको मापदण्ड हुनु पर्नेछः-

(क) पचास प्रतिशत लागत साझेदारीमा नमुना डेरी तथा दुग्ध प्रशोधन प्लान्ट (क्याडबरी र चक्लेट सहित) निर्माण गर्न साझेदार संस्था प्रतिवद्ध हुनु पर्नेछ ।

(ख) आफ्नै स्वामित्वमा जग्गा भएका साझेदार संस्थालाई प्राथमिकता दिईनेछ । सो नभए साझेदार संस्थाको लगानीकर्ताको वा निजी जग्गा कम्तीमा १० वर्षको लागि भाडामा लिएको हुनु पर्नेछ ।

(ग) पूर्वाधार (बाटो, पानी, बिजुली), व्यवसायको सम्भाव्यता, सम्भाव्य स्थलको फोटो र कच्चा पदार्थको उपलब्धताको अध्ययन गरेर प्रस्तावकलाई प्राथमिकता दिनु पर्नेछ।



मा. दावा दोर्जे लामा
मन्त्री

(घ) साझेदार संस्थाले प्लान्ट स्थापना गर्न आवश्यक पर्ने अन्य प्रचलित ऐन/ नियम पालन गरेको हुनु पर्नेछ ।

(ङ) साझेदार संस्थाले स्थायी लेखा नम्बर प्राप्त गरेको हुनु पर्नेछ ।

(च) कर चुत्ता गरेको हुनु पर्नेछ ।

(छ) विगतका वर्षहरुमा कुनै किसिमको कार्वाहिमा नपरेको हुन पर्नेछ ।

(ज) साझेदार संस्थाले IEE रिपोर्ट संलग्न गर्नु पर्नेछ वा IEE को लागि सम्वन्धित निकायमा निवेदन पेश गरेको हुनु पर्नेछ ।

(झ) अनुदान प्राप्त पश्चात कम्तिमा ७ बर्षसम्म परियोजना निरन्तर संचालन हुनु पर्नेछ ।

(२) उपदफा (१) मा उल्लेखित मापदण्डका अतिरिक्त थप मापदण्डको आवश्यकता परेमा DPR मा उल्लेख भएको हुनेछ र सोही अनुसार कार्यान्वयन गरिनेछ ।

## परिच्छेद -६
## विविध

१९. **प्रगति प्रतिवेदनः** (१) साझेदार संस्थाले चौमासिक रुपमा प्रगति प्रतिवेदन निरदेशनालय वा निर्देशनालयले तोकेको कार्यालयमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति प्रतिवेदन चौमासिक तथा वार्षिक रुपमा संग्रहित गरि कार्यालयले निर्देशनालयमा पठाउनु पर्नेछ ।

२०. **कार्यक्रमको प्रभावकारीताः** कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य संघीय तथा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजनाहरुसँग समन्वय गरी तादाम्यता कायम गर्दै दोहोरोपना नहुने गरी एकिकृत रुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

२१. **संशोधन र खारेजः** यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा आइपरे मन्त्रालयले आवश्यकता अनुसार संशोधन र खारेज गर्न सक्नेछ ।

२२. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएका कुरामा यसै कार्यविधि र अन्यमा प्रचलीत कानून बमोजीम हुनेछ ।

मा. दावा दोर्जे लामा
मन्त्री